2.3

# जहदा गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यबिधी, २०७९

## गाउँकार्यपालिका बाट प्रमाणीकरण मिती २०७९।०९।०४

प्रस्तावना : गाउपालिका क्षेत्रभित्र स्वास्थय बिमा कार्यकम संचालन गर्न गाउँ सभाद्धारा स्वीकृत बजेट कार्यन्वयनका लागि जहदा गाउँपालिकाको प्रशाशकिय कार्यबिधी नियमित गर्ने ऐन २०७५ बमोजिम गाउँ कार्यपालिकाको २०७९।०९।०४ गतेको बैठकले यो कार्यबिधि स्वीकृत गरि लागु गरेको छ।

१ संक्षिप्त नाम र प्रारम्भः(क) यो कार्यबिधीको नाम , जहदा गाउँपालिकाको स्वास्थ्य बिमा कार्यकम संचालन कार्यविधि, २०७९ रहेको छ।

(क) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात जहदा गाउँपालिका क्षेत्रभर लागु हुने छ।

२ परिभाषा र व्याख्याः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

(क) गाउँपालिका भन्नाले जहदा गाउँपालिका मोरङ्गलाई समभ्कनु पर्छ।

(ख) सभा भन्नाले जहदा गाउँपालिका मोरङ्गको गाउँ सभालाई सम्झनुपर्छ।

(ग) कार्यपालिका भन्नाले जहदा गाउँ कार्यपालिकाका, मोरङ्गको गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

(घ) कार्यालय भन्नाले जहदा गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ङ) कार्यबिधि भन्नाले जहदा गाउँपालिकाको स्वास्थ्य बिमा कार्यकम संचालन कार्यविधि २०७९ लाई सम्झनुपर्छ।

(च) दर्ता सहयोगि भन्नाले संघिय स्वास्थ्य बिमा नियमावलि २०७५, को नियम १२ बमोजिम नियूक्त भएको व्याक्तिलाई समभ्कनु पर्छ।

(छ) लाभग्राही भन्नाले यो कार्यबिधिको दफा ३ लेब्यवस्थागरेको लाभग्राहिलाई सम्झनु पर्छ।

(ज) वडा भन्नाले जहदा गाउँपालिकाको वडालाई सम्झनुपर्छ।

(झ) वडा समिती भन्नाले जहदा गाउँपालिकाको वडाको वडा समितीलाई सम्झनुपर्छ।

(ञ) स्वास्थ्य संस्था भन्नाले जहदा गाउँपालिका क्षेत्रभित्ररहेका जहदा गाउँपालिका आधारभुत अस्पताल वा स्वास्थ्यचौकी र आधारभुत स्वास्थय सेवा केन्द्र र नागरिकआरोग्सेवाकेन्द्र समेतलाई सम्झनुपर्छ।

(ट) स्वास्थ्य बिमा कार्यकम संचालन संयोजनसमिती भन्नाले यस कार्यबिधिको दफा ८ मा व्यवस्था भएको समितीलाई समभ्कनु पर्छ।

(ठ) बिमा कार्यकम भन्नाले स्वास्थ्य विमा कार्यकम संचालन गर्नका लागि गाउँसभाद्धारा स्वीकृत बजेट सहितको कार्यकमलाई सम्झनु पर्छ।

(ड) सामुदायीक विद्यालय भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका नेपाल सरकार द्वरा अनुदान प्राप्त गर्ने सामुदायीक विद्यालयलाई सम्झनुपर्छ।

दुर्गा प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४

### (कार्यविधिको दफा ९ सँग सम्बन्धित )

(स्वास्थ्य विमा कार्यक्रम संयोजन समितिले बिमा कार्यक्रममा सहभागी हुन छनोट गर्न लागिएका गाउँपालिका क्षेत्रभित्रका लाभग्राहीहरुको नामावली सार्वजनिक गर्ने ढाँचा)

जहदा गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ वमोजिम सवै वडा समितिबाट सिफारिस हुन आएका लाभग्राहीको संख्या र बिमा कार्यक्रमका लागि स्वीकृत बजेटको परिधिभित्र रही देहायमा उल्लिखित लाभग्राहीको परिवारलाई तपसिल वमोजिम विमा कार्यकममा समावेश गर्न लागिएको हुँदा संलग्न नामावलीमा कोही कसैको कुनै गुनासो वा उजुरी भए यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र यस गाउँपालिकामा तथ्य र प्रमाण संलग्न राखी गुनासो र उजुरी गर्न सकिने छ । तोकिएको म्यादभित्र कुनै गुनासो र उजुरी नपरे वा परेका गुनासो र उजुरी छानवीन गर्दा सत्यता नदेखिए संलग्न लाभग्राहीहरुको नामावलीलाई नै कार्यविधिले व्यवस्था गरे बमोजिम स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | वडा | लाभग्राही वर्ग | लाभग्राहीको परिवार मुख्य व्यक्तिको नाम, थर | विमा कार्यक्रममा गाउँपालिकाले व्यहार्ने हिस्सा रकम | विमा कार्यक्रममा लाभग्राही परिवारले व्यहोर्नुपर्ने हिस्सा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

जहदा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मझारे, मोरङ कोशी प्रदेश, नेपाल

दुर्गा प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

**वडाले स्वास्थ्य विमा कार्यक्रम संयोजन समिति समक्ष गर्ने सिफारिसको ढाँचा**

मितिः २०७९। ।

श्री स्वास्थ्य विमा कार्यक्रम निर्देशक समिति, जहदा गाउँपालिका, मोरङ ।

विषयः स्वास्थ्यबिमा कार्यक्रममा सहभागी गराउनुपर्ने लाभग्राहीहरुको नामावली पठाइएको ।

प्रस्तुत विषयमा जहदा गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम यस वडा कार्यालयबाट लाभग्राही लक्षित सार्वजनिक सूचना प्रकाशन गरी सूचनाको अवधिभित्र बिमा कार्यक्रममा सहभागी हुन पाउँ भनी रीतपूर्वकको आवेदन गर्ने देहाय बमोजिमका लाभग्राहीहरुलाई उक्त कार्यविधिले व्यवस्था गरे बमोजिम विमा कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउने भनी मिति २०७९ । । मा बसेको...... नं. वडा समितिको बैठकबाट निर्णय भएकाले लाभग्राहीहरुलाई विमा कार्यक्रममा सहभागी गराई दिनु हुन सिफारिस साथ अनुरोध छ ।

| सि.नं. | लभग्राहीको समूह (कार्यविधिको दफा -३ को खण्ड (क) वा (ख) वा (ग) वा (घ) कुन हो ? सो उल्लेख गर्ने) | लाभग्राहीको मुख्य व्यक्तिको | | परिवार संख्या | गत आर्थिक वर्षमा बिमा कार्यक्रमबाट लाभ लिएको नलिएको |
|---|---|---|---|---|---|
| | | नाम थर | सम्पर्क नं. | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

जहदा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मझारे, मोरङ, कोशी प्रदेश, नेपाल

दुर्गा प्रसाद न्यौपाने

## अनुसूची २

### (कार्यविधिको दफा ५ सँग सम्वन्धित)

**बिमा कार्यक्रममा सहभागिता जनाउन चाहने लाभग्राहीहरुले वडा कार्यालयमा गर्नुपर्नेआवेदनको ढाँचा**

मितिः २०७९ । ।

श्री वडा अध्यक्ष ज्यू,
............. नं. वडा कार्यालय,
जहदा गाउँपालिका, मोरङ ।
विषयः स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा ताहाँ वडा कार्यालयवाट मिति २०७९। । मा विमा कार्यक्रममा सहभागी हुनका लागि लाभग्राहीलाई लक्षित गरी प्रकाशित गरिएको सार्वजनिक सूचनाका विषयमा जानकारी भयो । जहदा गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ ले व्यवस्था गरेको लाभग्राहीको परिवारभित्र म लगायत मेरो परिवार पनि पर्छ । वडा कार्यालयवाट प्रकाशित सूचना एवंम् स्वीकृत कार्यविधि बमोजिम म लगायत मेरो परिवार स्वास्थ्य विमा कार्यक्रममा सहभागिता जनाउन इच्छुक रहेकाले देहायमा उलेखित कागजात संलग्न राखी यो आवेदन गरेको छु । विमा कार्यक्रममा सहभागी हुँदा गाउँपालिकावाट प्राप्त हुने रकममा थप गर्नुपर्ने रकम म स्वयंले व्यहोंने छु । आवेदनसाथ पेश गरेका कागजात तथा प्रमाणहरु सही र सत्य छन् । फरक परे कानूनबमोजिम सहुँला/बुझाउँला ।

संलग्न गर्नुपर्ने कागजातः

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र

ख. लाभग्राहीभित्र पर्ने पुष्ट्याँई हुने कागजातको प्रतिलिपी ।

ग. अघिल्लो आर्थिक वर्षमा गाउँपालिका तथा वडाबाट बिमा कार्यक्रममा सहभागिता

भए/नभएको के हो ? गोलो चिन्ह लगाउने । अ. भएको आ. नभएको । घ. कार्यविधिको दफा ३ को खण्ड (क) वा (ख) वा (ग) वा (घ) कुन वर्गभित्रको लाभग्राही हो, सो उल्लेख गर्ने ।

(...............................)

निवेदक घरमुलीको-

| वडा कार्यालयबाट मात्र भर्नुपर्नेः<br>भनी सहीछाप गर्ने-<br>निवेदकले आवेदनसाथ पेश गरेका कागजातहरु रुजु/परीक्षण गर्दा ठीक देखिएको जनप्रतिनिधि तथा कर्मचारीको नाम, थरः<br><br>हस्ताक्षरः<br>मिति |
|---|

नाम, थरः
ठेगानाः
सम्पर्क नम्बरः
परिवारको सदस्य संख्याः
हस्ताक्षरः
मितिः

जहदा गाउँपालिका
गाउँपालिकाको कार्यालय
मझारे, मोरङ
कोशी प्रदेश, नेपाल

दुर्गा प्रसाद न्यौपाने

# अनुसूची १

## (कार्यविधिको दफा ४ सँग सम्बन्धित) बिमा कार्यक्रममा सहभागी हुन चाहने लाभग्राहीलाई लक्षित गरी वडा कार्यालयबाट जारीहुने सार्वजनिक सूचनाको ढाँचा

मितिः २०७९।०९।०४

जहदा गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ ले देहायमा उल्लिखित - लाभग्राहीहरुलाई मुख्य प्राथमिकतामा राखेर विमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । विमा कार्यक्रममा सहभागिता जनाउन इच्छुक लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिनभित्र यस वडा कार्यालयमा अनुसूची २ वमोजिमको ढाँचामा आवेदन गर्नु होला । रीत नपूगेका तथा म्याद नाघी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबै वडावासी लाभग्राहीहरुलाई जानकारी गराइन्छ ।

१. स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन पाउने लाभग्राहीहरुः

(क)गाउँपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयमा चालु शैक्षिक वर्षमा कक्षा १-५ र बाल कक्षामा भर्ना भएका विद्यार्थीको परिवार,

(खं)क्यान्सर लागेका, मृगौलाको प्रत्यारोपण वा डायलाइसिस गरी रहेका, सिकलसेल एनिमिया) लागेका, मुटुको ओपन हार्ट सर्जरी गरेका, प्यारालाइसिस भएका र पार्किन्सन रोग लागेका व्यक्तिको परिवार,

(ग)आफ्नो र एकासगोल परिवारको स्वामित्वमा जग्गा जमिन नभएका ऋषिदेव (मुसहर),सन्थाल, राजवंशी, धिमाल, मधेशी, मुस्लिम, दलित तथा अन्य समुदायका परिवार, तर, ऐलानी वा पर्ती जग्गामा पक्की संरचनाका घर बनाई बसोबास गरी रहेका वा एकासगोलको परिवारभित्रका कुनै सदस्यले सरकारी वा सामुदायिक वा निजीस्तरमा मासिक बीस हजारभन्दा बढी सेवा/सुविधाको रकम भुक्तानी लिई रहेका उल्लिखित समुदायका परिवारलाई भने यो कार्यक्रममा समावेश गरिने छैन ।

द्रष्टव्यः "पक्की संरचनाका घर" भन्नाले ईंटा वा ढुङ्गाको गारो लगाई कम्तीमा पनि छत ढलाई गरेको घरलाई सम्झनुपर्छ ।

(घ)अपाङ्गता भएका व्यक्तिको परिवार । (यसका लागी अपाङ्गता परिचय पत्र अनिवार्य संलग्न हुनुपर्नेछ ।)

२. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

लाभग्राहीको घरमुलीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र लाभग्राहीभित्र पर्ने भनी पुष्ट्याँई हुने कागजातको प्रतिलिपी ।

पुनश्चः सि.नं. १ का लाभग्राहीहरुलाई गाउँपालिकाबाट स्वास्थ्य बिमा कार्यक्रममा रु ३५०० मात्र रकम व्योहोरिनेछ सो भन्दा माथि लाग्ने रकम लाभग्राही परिवार स्वयंले व्योर्नुपर्नेछ ।

दुर्गा प्रसाद क्षेत्री

(ञ) कार्यक्रम प्रवर्द्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसगँ समन्वय गर्ने ।

(ट) संयोजन समितीले आवश्यक देखेका बिमा कार्यक्रमसँग संवन्धित अन्य बिषयहरु ।

१३. बजेटको व्यवस्थाः स्वास्थ्य बिमा संयोजन समितीको सचिवालय सन्चालनकोलागि आवश्यक खर्चको व्यवस्था गाउँपालिकाले गर्ने छ ।

१४. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिमतथा अन्य विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

१५. बांधा अड्काउ फुकाउन सक्नेः यस कार्यविधिमा उलेखित कुनै व्यवस्था कार्यान्वयनगर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन आई परेमा स्वास्थ्य विमा कार्यक्रम संयोजन समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा वाधा अड्चन फुकाउन सक्नेछ ।

दुर्गा प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

१०. बिमा कार्यक्रममा छनोट हुने लाभग्राहीको स्वास्थ्य बिमा गर्न स्वास्थ्य बिमा बोर्डसँग सम्झौता गरिने: यस कार्यविधिको दफा ९ बमोजिम बिमा कार्यक्रममा छनोट हुने लाभग्राहीको कुल संख्या र त्यस्ता लाभग्राहीलाई बिमा कार्यक्रमका लागि गाउँपालिकाबाट व्योहोरिने रकमको निकासा, प्रथम सेवा विन्दु, बिमा शुरु र अन्त्य हुने अवधि लगायतका अन्य आवश्यक विषयहरु उल्लेख गरी कार्यालयले स्वास्थ्य बिमा बोर्डसँग सम्झौता गर्नु पर्नेछ ।

११. दर्ता सहयोगी मार्फत लाभग्राहीको बिमा गरिने : (१) स्वास्थ्य शाखाले दफा ९ बमोजिम स्वीकृत वडागत लाभग्राहीको नामावली तत् / तत् वडाका दर्ता सहयोगी र वडालाई उपलब्ध गराउनु पर्नेछ।

(२) दर्ता सहयोगीले समेत बिमा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएको सम्पूर्ण प्रकृया पूरा गरी यस कार्यविधि अनुसार छनोट भएका लाभग्राहीहरुको विवरण बमोजिम बिमा गर्नुपर्नेछ र कार्यविधिको दफा १० बमोजिम भएको सम्झौता बमोजिम सम्बन्धित वडाको सिफारिस संलग्न राखी कार्यालयमा रकम निकासा माग गर्नु पर्नेछ ।

(३) कार्यालयले निकाशा माग भइ आए पछि संलग्न कागजातहरुको छानविन तथा एकिन गरी स्वास्थ्य विमा बोर्डलाई रकम निकाशा गर्नुपर्नेछ र कार्यविधिको दफा १० बमोजिम भएको सम्झौता सम्बन्धित वडाको सिफारिस संलग्न राखी प्रति विमित परिवार रु ३५०० का दरले रकमनिकाशा गर्नुपर्नेछ ।

१२.काम,कर्तब्य र अधिकार: संयोजन समितीको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाका क्षेत्रभित्र कार्यकम बिस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने ।

(ख) गाउँपालिका अर्न्तगतका सरकारी,सर्वजानिक संस्थाहरुको कर्मचारी,महिला स्वंसेविका र परिवारलाई स्वास्थ्य बिमा को दायरामा ल्याउन नियमावलीले तोकेबमोजिम प्रिमियमको ब्यवस्था गरि कार्यकममा आवद्ध गर्ने

(ग) अति गरिब परिवारलाई कार्यकममा आवद्धगर्न पालिका र बोर्डबीच सम्झदारी गर्ने ।

(घ) नसर्ने रोगकोलागि कार्यकमले दिईआएको सुबिधा उपलब्ध गराउन वा बृद्धिगर्न बोर्ड सँग साझेदारी गर्ने ।

(ङ.) कार्यकमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सकने ।

(च) गाउँपालिका अर्न्तगत रहेका स्वास्थ्यसेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धि गर्ने गराउने ।

(छ) बिमाबाट प्रदान गरिने औषधीहरु गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुद्धारा संचालित फार्मेसीमा उपलब्ध हुने ब्यवस्था गर्ने गराउने ।

(ज)स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने ब्यवस्था गर्ने गराउने सोको लागि चिकित्सकलाई यातायात खर्च समेत प्रतिदिन बढिमा रु. ५००० सम्म उपलब्ध गर्ने गराउने -

(झ)स्वास्थ्य संस्थाहरुमा उपकरण,प्रयोगशालाको सेवामा निरर्न्तता,स्तरोन्नती र पुर्वाधार अभिबृद्धिमा सहयोग गर्ने ।

दुर्गा प्रसाद ब्याँपाने
प्रमुख प्रशासकीय अधिकृत

७. बिमा कार्यकममा सहभागिहुन योग्य देखिएका लाभग्राहीको सिफारिस वडा समितीले गर्नुपर्नेः वडाले यस कार्यबिधी बमोजिम बिमा कार्यकममा सहभागिहुन योग्य देखिएका वाडाभित्रका लाभग्राहीहरुको पहिचान गरि स्वास्थ्य बिमा कार्यकम संयोजन समिती समक्ष अनुसुचि ३ बमोजिमको ढाचाँमा सिफारिश गरि पठाउनु पर्ने छ ।

८. स्वास्थ्य बिमा कायकम संयोजन समितीः (१) गाउँपालिका भित्रका सबै वाडाहरुबाट दफा-७ बमोजिम सिफारिस साथ प्राप्त लाभग्राहीहरुको संख्यालाई स्वीकृत बजेटको परिधिभित्र रहेर बिमा कार्यकमकालागि लाभग्राहिहरुको अन्तिम नामावलि छनौट गर्न स्वास्थ्य बिमा नियमावलि, २०७५ को नियम २६ बमोजिम गाउँपालिकामा स्वास्थ्य बीमा कार्यकमलाई संयोजन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरिय स्थानिय तह स्वास्थ्य बीमा संयोजन समीती रहने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष, जहदा गाउँपालिका | संयोजक |
| (ख) अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका वडा अध्यक्ष वासामाजिक बिकाश समितीको संयोजक | सदस्य |
| (ग) अध्यक्षले मनोनित गरेको प्रतिनिधी (सेवा प्रदायक संस्था १ जना | सदस्य |
| (घ)अध्यक्षले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिलास्वंसेविका सहितदुई जना | सदस्य |
| (ङ).स्वास्थ्य शाखा प्रमुख,स्वास्थ्य विषय हेर्ने | सदस्य |
| (च) दर्ता अधिकारी स्वास्थ्य बिमा बोर्ड (सम्वन्धित पालिका) | सदस्य |
| (छ) गाउँपालिकाका बिमा दर्ता सहयोगीहरु मध्ये अध्यक्षले मनोनित गरेको १ जना | सदस्य |
| (ज) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिककृत | सदस्य सचिव |

९. लाभग्राहीको नामावली स्वास्थ्य विमा कार्यक्रम संयोजन समितिले छनोट गर्नुपर्नेः (१) गाउँपालिका क्षेत्रभित्रका सबै वडा समितिबाट दफा ७ बमोजिम सिफारिससाथ प्राप्त लाभग्राहीहरुको संख्यालाई स्वीकृत बजेटसँग देहाय बमोजिम विश्लेषण गरी बिमा कार्यक्रमका लागि छनोट हुने लाभग्राहीहरुको नामावली स्वास्थ्य विमा कार्यक्रम संयोजन समितिले स्वीकृत गर्नु पर्नेछ ।

(क) दफा ३ बमोजिम छनौट भएका लाभग्राहीहरुलाई गाउँपालिकाले स्वीकृत बजेट भित्रबाट प्रति विमित परिवारको रु ३५०० रकम व्यहोर्ने सो भन्दा माथि लाग्ने रकम विमित परिवारं स्वयमले व्यहोर्नु पर्ने छ ।

(२) स्वास्थ्य विमा कार्यक्रम संयोजन समितिले उपदफा (१) बमोजिम गरेको निर्णय उपर दावि विरोध को लागी अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको अवधिमा कहीं कतैबाट दावी विरोध पर्न नआएमा लाभग्राहीको नामावली छनोट सम्बन्धमा स्वास्थ्य विमा कार्यक्रम संयोजन समितिले उपदफा (१) बमोजिमको गरेको निर्णय नै अन्तिम हुनेछ ।

जहदा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकरि, मोरङ कोशी प्रदेश, नेपाल

दुर्गा प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

(ढ) स्वास्थ्य बिमाबोर्ड भन्नाले सघिंय स्वास्थ्य बिमा ऐन बमोजिम गठित स्वास्थ्य बिमा बोर्डलाई सम्झनुपर्छ । र सो शब्दले उक्त स्वास्थ्य बिमा बोर्डको प्रदेश तथा जिल्ला स्थित कार्यालय समेत लाई जनाउछ ।

(३) **बिमा कार्यक्रममा समाबेश हुन पाउने लाभग्राहीहरु :** गाउँसभाद्धारा स्वीकृत बजेटको परिधीभित्ररही बिमा कार्यकम संचालन गर्न देहायमा उलेखित लाभग्राहीहरुलाई प्राथमिकताक्रम अनुसार कार्यक्रममा समावेश गरिनेछ ।

(क) सामुदायिक बिद्यालयमा वाल कक्षा  देखि कक्षा ५  सम्म भर्ना भएका बिद्यार्थीको परिवार ।

(ख) क्यान्सर रोगी ,मृगौलाको प्रत्यारोपण वा डायलाईसिस गरिरहेका,सिक्लसेल एनिमिया लागेका,मुटुको ओपन हार्ट सर्जरी गरेका,प्यारालाईसिस भएका,पार्किन्सन रोग लागेका व्यक्तिका परिवार।

(ग) माथि दफा ३ को क र ख मा जुनसुकै कुरा उल्लेख भएतापनि आपनो र एकाघरसगोल परिवारको स्वामित्वमा जग्गा जमिन नभएका ऋषिदेव(मुसहर) सरदार,दुसाद,(पासमान) सन्थाल,राजबंशी, धिमाल,मधेशी,मुस्लिम,दलित, तथा अन्य समुदायका परिवार,एलानी वा पर्ति जग्गामा पक्की संरचनाका घर बनाई बसोबास गरिरहेका वा एकाघरसगोलको परिवारभित्रका कुनै सदस्यले सरकारी वा सामुदायीक वा निजीस्तरमा मासिक बिस हजारभन्दा बढी सेवा सुविधाको रकम भुक्तानी लिई रहेका परिवारलाई भने यों कार्यक्रममा समावेश गराइने छैन । पक्की संरचनाका घर भन्नाले इँटा वा ढुङ्गाको गारोलगाई छत ढलान गरेको घरलाई सम्झनुपर्छ ।

(घ)अपाङ्गताभएको व्यक्तिको परिवार । (गाउँपालिका वाट जारीगरीएको  अपाङ्गता  परिचय पत्र अनिवार्य रुपमा संगलन गर्नु पर्ने छ ।

४. **लाभग्राही लक्षित सार्वजानिक सुचना को प्रकाशन गर्नुपर्नेः** प्रत्येक वडाले बिमा कार्यक्रममा सहभागिहुन चाहने वाडावासी लाभग्रहीलाई लक्षित गरेर अनुसुचि १ बमोजिमको ढाँचामा सार्वजानिक सुचना प्रकाशन गर्नु पर्नेछ ।

५.**वडाले तोके बमोजिम लाभग्राहीले आवेदन गर्नुपर्नेः** दफा ४ बमोजिम प्रकाशन हुने सुचना अनुसार बिमा कार्यक्रममा सहभागिहुन चाहने लाभग्राहीले अनुसुची २ बमोजिमको ढाँचामा वाडा वा वाडाले तोकेको स्वास्थ्य संस्थामा आवेदन गर्नु पर्नेछ ।

६. लाभग्राहीको आवेदन वाडा समितीले छानबीन गर्नुपर्नेः (१) बिमा कार्यक्रममा सहभागि हुन चाहने अनुसुचि २ बमोजिमको ढाँचामा आवेदन गर्ने लाभग्राहीहरुको रितपुर्वक को आवेदन भए/नभएको सम्वन्धमा वडा समितीले छानविन गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम आवेदन छानविन गर्दा कुनै लाभग्राहीको विमाकार्यक्रमा सहभागि हुन आवश्यक पर्ने कुनै कागजात छुट्नगएको देखिएमा त्यस्ता लाभग्राहिलाई छुट कागजात वडामा पेश गर्नकालागि वडा समितीले बढीमा सात दिन सम्मको म्याद दिई सार्वजनिक सुचना  प्रकाशन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सार्वजानिक सुचनाको अवधिभित्र पनि कुनै लाभग्राहीले छुट कागजात पेश नगरेमा त्यसतो लाभग्राहीलाई बिमा कार्यक्रममा सहभागि गराईने छैन ।